नेपाली राजदूतावास
तेलअविव, इजरायल
Embassy of Nepal
Tel Aviv, Israel

# प्रेस विज्ञप्ति

मिति २०७३ भाद्र १३ गतेको नागरिक दैनिकमा "कामदारको रकम मोजमस्तीमा" भन्ने शिर्षकमा प्रकाशित समाचारमा यस राजदूतावासले कामदारको शव पठाउन रकम मागेको तर त्यो शव आएको नआएको बारे कुनै जानकारी नभएको भनी उल्लेख भएको प्रति यस राजदूतावासको गम्भीर ध्यानाकर्षण भएको छ ।

जुन २०, २०१४ मा इजरायलमा सडक दुर्घटनामा मृत्यु भएकी कुशुङ्ग लामाको आफ्नो वीमा नभएको र स्व. लामालाई दुर्घटना गराउने ट्रक र चालकको समेत तेस्रो पक्ष बीमा नभएका कारण शव पठाउने रकम जुटाउन नसकी शव पठाउने कम्पनीको कोटेशन अनुसार वैदेशिक रोजगार प्रवर्द्धन वोर्डसँग अ.ड.३५००/ माग गरिएको थियो । तर वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट त्यो रकम नआइपुग्दै स्व. कुशुङ्ग लामाको क्षतिपूर्तिका लागि अदालतमा मुद्दा लड्नुपर्ने भएको र सोही मुद्दा लड्ने वकिलले राजदूतावासको जमानतमा शव पठाउने खर्च व्यहोरेकोले बोर्डबाट प्राप्त रकम हालसम्म कही कतै खर्च नभई यस राजदूतावासको खातामा रहेको छ । उक्त मुद्दा हालसम्म पनि अदालतबाट नटुङ्गिएकोले रकम फिर्ता नपठाईएको एवं स्व. कुशुङ्ग लामाको शव जुलाई २०, २०१४ मा नै नेपाल पठाइसकिएको समेत जानकारी गराइन्छ । यस सम्बन्धमा बारम्बार वैदेशिक रोजगार प्रवर्द्धन वोर्डलाई पत्र एवं इमेलमार्फत् जानकारी गराउँदा गराउँदै समेत बोर्डका कर्मचारीलाई उद्धृत गर्दै नागरिक जस्तो सम्मानित पत्रिकाले सत्य/तथ्य नबुझी एकपक्षीय रुपमा समाचार प्रकाशित गर्दा जनमानसमा भ्रम पैदा भइ यस राजदूतावासप्रति नकारात्मक प्रभाव पर्ने हुँदा समाचार सम्प्रेषण गर्दा यथार्थलाई समेत बुझेर गर्नुपर्ने कुरामा जोड दिँदै सो समाचारको खण्डन तुरुन्त प्रकाशित गर्नुहुन समेत अनुरोध गरिन्छ ।

३१ अगष्ट, २०१६
तेल अविव, इजरायल

नेपाली राजदूतावास तेल अविव

Textile Center Building, 2 Kaufman St. Tel Aviv, 68012
Tel. (+972)3 510 0111, Fax: (972) 3 516 7965
Email: nepal. embassy@012.net.il, Website: www.nepalembassy-israel.org